# पञ्चपुरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## घर भाडामा लिने सम्बन्धी सूचना ।

दोस्रो पटक प्रकाशित मितिः- २०७९/०५/१६

यस पञ्चपुरी नगरपालिका नगरकार्यपालिकाको कार्यालयले नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम- दोश्रो चरणको कार्यालय प्रयोजनका लागि घर/फ्ल्याट भाडामा लिनका लागि मिति २०७९/०५/०९ गते प्रकाशित सूचना बमोजिम पर्याप्त प्रस्ताव पेश हुन नआएकोले निम्नानुसारको घर/ फ्ल्याट भएका इच्छुक घरधनीले तपसिल अनुसारका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिन भित्र यस कार्यालयमा सिलबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः-

१.यस कार्यालयले भाडामा लिनुपर्ने घर/ फ्ल्याट पञ्चपुरी नगरपालिकाको कार्यालयदेखि बढीमा ५०० मिटरको दुरीमा रहेको हुनुपर्नेछ ।

२.भाडामा लिनुपर्ने घर/फ्ल्याट कम्तिमा ५ (पाँच) कोठाको आर.सि.सि./भुकम्प प्रतिरोधी संरचना भएको हुनुपर्नेछ र कोठाको क्षेत्रफल कम्तिमा १२ फिट * १२ फिट भएको हुनुपर्नेछ ।

३. घर/फ्ल्याट यातायातको सहज पहुँच सहित गाडी पार्कीङ्गको सहज व्यवस्था भएको हुनुपर्नेछ ।

४.घर/फ्ल्याटमा खानेपानी, विद्युत तथा शौचालयको राम्रो प्रबन्ध भएको हुनुपर्नेछ ।

५. प्रस्ताव मासिक भाडा रकम ( बहाल कर सहित) अंक र अक्षरमा खुलाउनु पर्नेछ ।साथै घर बनेको जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि, घरधनिको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, आ.व. २०७९/०८० को कर तिरेको रसिदको प्रतिलिपि र घर सम्बन्धी आवश्यक कागजातहरु संलग्न गर्नु पर्नेछ ।

६.इच्छुक घरधनीले मिति २०७९/०५/२० गते कार्यालय समय भित्र यस नगरपालिकाको कार्यालयमा सिलबन्दी प्रस्ताव पेश गर्नु पर्नेछ ।

( गोकर्णनाथ योगी )
प्रमुख प्रशासकीय अधिकृत